# राष्ट्रिय **स्वतन्त्र पार्टी**
## केन्द्रीय समितिको विस्तारित बैठक
२०८२ कार्तिक २१ र २२, चितवन

# पार्टीको संगठनात्मक प्रतिवेदन २०८२

**कविन्द्र बुर्लाकोटी**
महामन्त्री

आदरणीय पार्टी कार्यवाहक सभापति, पार्टी उपसभापति, केन्द्रीय समितिका पदाधिकारी एवं सदस्यहरु, सल्लाहकार परिषद् सदस्यहरु, केन्द्रीय आयोग, केन्द्रीय विभाग, प्रदेश सचिवालय, प्रदेश विभाग, प्रवास नेपाली सम्पर्क विभागका प्रमुख, पदाधिकारी एवं सदस्यहरु, जिल्ला सभापतिहरु तथा पालिका सभापतिहरु,

पार्टीको पहिलो संगठनात्मक भेला भएको चितवनमा आयोजना भएको यस केन्द्रीय समितिको विस्तारित बैठकमा हार्दिक नमस्कार, जय घण्टी ।

पार्टी कार्यवाहक सभापतिको राजनीतिक प्रतिवेदन समेतलाई दृष्टिगत गर्दै पार्टीको सांगठनिक अवस्था र आगामी कार्यनीतिका प्रस्तावहरु समेटेर संक्षेपको यो सांगठनिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**सहभागी मित्रहरु,**

राष्ट्रिय स्वतन्त्र पार्टी पुराना दलहरुको दलदलदेखि पाठ सिकेर २०७९ मा सुसंस्कृत राजनीतिको लागि स्थापना भएको पार्टी हो । भ्रष्टाचार, बेथिति, कुशासन, अन्याय आदिका विरुद्ध सफा राजनीतिक अभ्यासका लागि चोक चौतारोदेखि संसदसम्म राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो आवाज बुलन्द गर्दै आएको छ । विगत ३ वर्षमा पार्टीले गरेका प्रयासहरु, खारिँदै गरेको नीतिगत स्पष्टता, नेतृत्वमा देखिएको निष्ठा र त्यसको बलमा बनेको जनस्तर सम्मको संगठनका कारण वर्तमान विषम राजनीतिक परिवेशमा समेत रास्वपाप्रतिको आकर्षणको रेखा माथि नै लागेको छ । हामी संगठनमा रहेको हरेकको लागि यो आशा र उत्साहको बलियो आधार हो ।

संगठनात्मक दृष्टिकोणबाट रास्वपा तुलनात्मक रुपमा छरितो संगठनात्मक ढाँचा भएको पार्टी हो । खुला र सहज सदस्यता, सदस्यहरुबाट निर्वाचित तहगत समिति एवं विज्ञता, योग्यताका आधारमा गठन हुने विभागहरु यसका मौलिक संगठन ढाँचा हो । आन्तरिक सुशासन, लोकतन्त्र र मुल्यमान्यताको लागि स्वायत्त लेखा आयोग, निर्वाचन आयोग र अनुशासन आयोग केही फरक प्रयोग समेत गर्दै आएका छौं । पार्टी निर्माणको लागि यी सबै अंगहरु प्रभावकारी सञ्चालन हुन आवश्यक छ । पार्टीको संगठनात्मक दृष्टिकोणबाट यो प्रतिवेदन तयार गरेको छु ।

यस प्रतिवेदनले पार्टीको मौजुदा संगठनको अवस्थाको चित्रण, संगठन निर्माणको बाँकी अवस्था, समग्र पार्टी संरचनामा देखिएका चुनौती र अवसरका सम्बन्धमा जानकारी दिनेछ । साथै संगठन निर्माणका थप कार्य, चुनौती र अवसरलाई सम्बोधन गर्न आगामी कार्यनीतिका कुराहरु प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । समग्र राजनीतिक पाटो कार्यवाहक सभापतिको राजनीतिक प्रतिवेदनमा आएकोले यो प्रतिवेदन संगठनात्मक क्षेत्रमा सीमित गर्ने प्रयास गरेको छु । पार्टीका कागजात, बैठकका दस्तावेजहरु, यसअघिका प्रतिवेदनहरु, प्रदेशहरुबाट प्राप्त विवरण आदिका आधारमा प्रतिवेदन तयार गरिएको छ ।

## १. संगठनात्मक अवस्थाः

२०७९ असार ७ गते घोषणा भएको राष्ट्रिय स्वतन्त्र पार्टीको २०७९ असार १७ गते निर्वाचन आयोगमा दर्ता गरेको प्रमाणपत्र प्राप्त भयो । त्यसको लगत्तै असारको २५ गते चितवनमा यही चितवनमा राष्ट्रिय स्वतन्त्र पार्टीले पहिलो भेला आयोजना गऱ्यो ।

भरतपुरमा आयोजना भएको सो भेलामा करिब ३००० चितवनबासीहरू उपस्थित हुनुभएको थियो । सोही भेलाबाट चितवन जिल्ला र स्थानीय पालिका संगठन निर्माण सुरु भएको थियो ।

यो एउटा ऐतिहासिक दिन थियो । पार्टी सभापति रवि लामिछानेले पार्टी सभापतिको हिसाबमा पहिलोपटक चितवनमा सम्बोधन गर्नुभएको थियो । आज यो बैठक हुँदै गर्दाखेरी यो पार्टीको सुरुवात गरेर यहाँसम्म लिएर आउन नेतृत्व लिनुहुने, हामीलाई हौसला प्रदान गर्नुहुने र अगाडिको बाटो हिँड्नको लागि एउटा भरोसाको पहाड बनेर हिम्मत दिनुहुने, आशा र भरोसा सभापति रवि लामिछाने प्रति हार्दिक आभार व्यक्त गर्दछु । उहाँ आज नखाएको विषको भागीदार भइराख्नुभएको छ । हुन त यो विषय आज हामी धेरै छलफल गर्दैनौं। तर भष्टाचार, बेथिति, कुशासन र अन्याय विरुद्ध लड्ने यो पार्टीको कार्यदिशा निर्माण गर्ने विस्तारित बैठक आफ्नै सभापति माथि भएको प्रतिशोध र अन्यायको मात्र होइन, हरेक नेपालीमाथि भएको अन्याय, अत्याचार र शोषणको प्रतिरोध गर्न चाहन्छ । हामी यी र यस्ता सबै कुरा चटक्क भुल्न सक्दैनौं । राजनीतिक दलहरू इतिहासलाई हेरेर अगाडि बढेको हुन्छ । र हाम्रो पार्टी इतिहास पनि हेर्छ र हाम्रो आफ्नै इतिहास पनि कोर्दै जान्छ । त्यही असार २५ को ऐतिहासिक दिनमा टेकेर आज हामी राष्ट्रिय स्वतन्त्र पार्टीको तेस्रो वर्ष पार गरी चौथो वर्षको दौरानमा केन्द्रीय समितिको विस्तारित बैठक चितवनमा गर्दैछौं ।

यो चितवनको लागि मात्रै नभई सम्पूर्ण राष्ट्रिय स्वतन्त्र पार्टीको लागि एउटा ऐतिहासिक क्षण बनेको छ।

त्यो सुरुको दिन र करिब ४० महिना पश्चात् आजको दिन संगठनमा भए गरेका कुराहरूको समीक्षा आगामी कार्यनीति र बनेका संगठनको सुधारको कुराहरुमा हामी व्यापक छलफल गर्दैछौं।

पार्टी स्थापनाको समयमा कस्तो संगठन र कत्रो संगठन भन्ने धेरै बहसहरु भए । र निचोडमा गत वर्षको आश्विनमा भएको राष्ट्रिय भेलाबाट विधान संशोधन गरी हामीले संगठनको ढाँचाहरु सुनिश्चित गऱ्यौं । त्यही ढाँचामा आधारित रहेर संगठनहरू निर्माणमा गएको करिब एक वर्ष मात्रै भएको छ । त्यसअघि पनि संगठनहरूको प्रारम्भिक कार्यहरू चलेकै थियो । र विशेषत त्यसपछाडि संगठनको निर्माणमा तीव्रता आयो । हामीले जिल्ला समिति बनाउने निष्कर्ष निकाल्यौं, निर्वाचन क्षेत्र समिति विधानमा समेट्ने निर्णय भयो र प्रदेश तहमा पनि वैज्ञानिक हिसाबले समितिहरु निर्माण गर्ने गरी विधान संशोधन गरियो । सानो गाउँपालिका र ठूलो महानगरपालिकाको समितिको आकार एकै थियो र त्यसलाई वैज्ञानिक हिसाबले ११ देखि २५ सदस्य समितिहरू बनाउने व्यवस्था गरियो ।

### क. पार्टी सदस्य विवरणः

| | | | |
|---|---|---|---|
| पार्टीको कुल सदस्य संख्या | २४१,७९९ | मधेशी | ४.०% |
| भेरिफाइ (प्रमाणित) भएको कुल सदस्य संख्या | १७३,०५९ | थारू | १.५% |
| महिला सदस्य | १४% | मुस्लिम | १.१% |
| आदिवासी जनजाति | १९.३% | दलित | ७.३% |

पार्टीको मोबाइल एप, वेबसाइट र आवश्यकता अनुसार सदस्यता बुक मार्फत् सदस्यता प्राप्त गर्ने व्यवस्था भएको छ ।

**ख. तहगत संगठन**

पार्टीको सातै प्रदेशमा सशक्त प्रदेश समिति रहेका छन् । विभागहरु गठन हुने क्रममा छन् । डोल्पा, मनाङ र मुस्ताङ बाहेकका ७४ जिल्लामा जिल्ला समिति रहेको छ । उल्लिखित ३ जिल्लामा सदस्यहरु हुनुहुन्छ र संगठनका प्रयासहरु जारी छन् ।

अहिले पार्टीको वडा र पालिका अधिवेशनहरुको निरन्तरता छ । केही जिल्ला समेत अधिवेशनको लागि तयार अवस्थामा छ । तर अझै ४४८७ वडा र २८९ पालिकामा हामीले संगठन निर्माणको कार्य पुऱ्याउन सकेका छैनौं ।

- **केन्द्रीय समिति, आयोग र विभागहरु:**

**केन्द्रीय समिति:** विधान व्यवस्था: १२२ जना, ७ प्रदेश सभापति पदेन । हाल कायम: ५२ जना र

**सल्लाहकार परिषद्:** विधान व्यवस्था: १२९ जना हाल कायम: ५ जना

**केन्द्रीय आयोग:**

| | | |
|---|---|---|
| केन्द्रीय अनुशासन आयोग | विधान व्यवस्था: ११ | हाल कायम: ६ |
| केन्द्रीय निर्वाचन आयोग | विधान व्यवस्था: ११ | हाल कायम: ५ |
| केन्द्रीय लेखा आयोग | विधान व्यवस्था: ११ | हाल कायम: २ |

**केन्द्रीय विभागहरु: ३९ वटा:** विधान व्यवस्था: ८१९ हाल कायम: २४६ =३०%

नआएर पनि समस्या, आएर पनि समस्या देखिन्छ । हामीलाई हामीले नै खोजेर ल्याउने मान्छेमा पनि डर छ कि भन्ने देखिन्छ ।

- **प्रदेश समिति, आयोग र विभागहरु:**

| समिति | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| विधान व्यवस्था | ६१ | ५९ | ६५ | ४७ | ५७ | ४१ | ४३ |
| हाल कायम | ५३ | ४६ | ६३ | ४४ | ३८ | २९ | ३५ |
| प्रतिशत | ८७% | ७८% | ९७% | ९४% | ६७% | ७१% | ८१% |

**सल्लाहकार परिषद्:**

**प्रदेश आयोग:**

**प्रदेश विभाग:** संख्या ३५(१५ जना) = ५२५ जना (७ प्रदेश) कुल = ३६७५     हाल: ६६७ =१८%

**गठन अवस्था: कोशी १०० जना, मधेश: ७७ जना: बाग्मति: १७० जना, गण्डकी ७० जना, लुम्बिनी ९५ जना, कर्णाली ५ जना, सुदुरपश्चिम १५० जना।** यो उपलब्ध विवरण अनुमानित हो।

- **स्थानीय तह: जिल्ला, निर्वाचन क्षेत्र, पालिका र वडा समिति र विभागहरु:**
    - जिल्ला समिति: ७७ मा ७४ जिल्ला समिति विभागहरु बन्दै गरेको। अनुशासन आयोग समेत गठन प्रक्रिया सुरु भएको।
    - निर्वाचन क्षेत्र समिति: ३५ जिल्ला १ निर्वाचन क्षेत्रमा जिल्ला स्वयं १३० निर्वाचन क्षेत्र हाल कायम: १००
    - **पालिका र वडा अधिवेशन सम्पन्न विवरण:**

**संख्या: ७५३          हाल कायम: ४६४**

**पालिका विभाग:** संख्या ३५(९जना) = ३१५ जना (७५३ पालिका) कुल = २३७१९५ हाल: विवरण उपलब्ध छैन।

केन्द्र, जिल्ला र पालिका तहमा द्रुत कार्य समुह (Rapid Action Team) गठन हुने ब्यवस्था बमोजिम गठन भइरहेको छ।

| पालिका तथा वडा समिति विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रदेश तथा जिल्ला** | **जम्मा वडा संख्या** | **तदर्थ वडा समिति** | **अधिवेशन सम्पन्न वडा समिति** | **सम्पन्न वडा प्रतिशत** | **पालिका संख्या** | **तदर्थ पालिका समिति** | **अधिवेशन सम्पन्न पालिका समिति** | **सम्पन्न पालिका प्रतिशत** | **अधिवेशन टास्क सम्पन्न प्रतिशत** | **RANK** |
| **देशभरी** | ६७४३ | २२५६ | ९९७ | १५% | ७५३ | ४६४ | ४७ | ६% | १४% | |
| **कोशी प्रदेश** | ११५७ | ५२४ | २३५ | २०% | १३७ | ७७ | १८ | १३% | २०% | |
| **मधेश प्रदेश** | १२७१ | २२५ | ४९ | ४% | १३६ | ६८ | १ | १% | ४% | |
| **बाग्मती प्रदेश** | ११२१ | ४७२ | ३०५ | २७% | ११९ | १०३ | १५ | १३% | २६% | |
| **गण्डकी प्रदेश** | ७५९ | ३३५ | १४२ | १९% | ८५ | ४९ | ३ | ४% | १७% | |
| **लुम्बिनी प्रदेश** | ९८३ | ३२४ | ११६ | १२% | १०९ | ५० | १ | १% | ११% | |
| **कर्णाली प्रदेश** | ७१८ | १७३ | १ | ०% | ७९ | ५३ | ० | ०% | ०% | |
| सुदूरपश्चिम प्रदेश | ७३४ | २०३ | १४९ | २०% | ८८ | ६४ | ९ | १०% | १९% | |
| | | ३३% | | | | ६२% | | | | |

- **जिल्लागत शीर्ष प्रगति: चितवन (९३%), झापा (७३%), काठमाडौं (६८%), कञ्चनपुर (६०%), कास्की (४९%), नवलपुर (४८%) .**
- **कमजोर जिल्ला: कर्णाली र मधेशका अधिकांश जिल्लाहरू (०-२%)।**

कर्णाली प्रदेश संगठन भंग गरी २०८१ भाद्रमा नयाँ सिराबाट संगठन सुरुवात गरिएको थियो। त्यसैले कर्णाली प्रदेश अरु प्रदेशहरूभन्दा संगठनको दृष्टिकोणले नयाँ छ। तथापि नयाँ प्रदेश समिति आइसके पछाडि कर्णाली प्रदेशको प्रगति उल्लेख्य रहेको छ।

प्रदेशको राजनीतिक र सांगठनिक गतिविधिहरूलाई प्रभावकारी पार्नको लागि केन्द्रीय समितिले आफ्नो अधिकार क्षेत्रभित्रबाट प्रदेश इन्चार्ज व्यवस्था गरेको छ। प्रदेश इन्चार्जहरूको तर्फबाट सम्पादन हुनको लागि एउटा स्पष्ट कार्य विवरण तोकिएको छ।

यसरी वडादेखि पालिका, निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश हुँदै केन्द्रसम्मको संगठनात्मक अवस्था सबल बनाउनको लागि हामी सबैजनाले आआफ्नो ठाउँमा जिम्मेवारी लिँदै आएका छौं।
तथापि हामी कहाँ कति भयौँ या भएनौं हामी बीचको समीक्षा महत्वपूर्ण हुन्छ।

## ग. केन्द्र, प्रदेश र स्थानीय तहबीचको समन्वयको स्थितिः

प्रस्तुत सांगठनिक अवस्था विश्लेषणले पार्टी विधानले परिकल्पना गरेको केन्द्र, प्रदेश र स्थानीय तहबीचको समन्वय बढाउनुपर्ने देखिएको छ। केन्द्रीय तहले प्रदेश तहसँगको समन्वय, प्रदेश तहले जिल्ला तह र केन्द्रीय तहसँगको समन्वय, जिल्ला तहले निर्वाचन क्षेत्र, पालिका तह र प्रदेश तहसँगको समन्वय, निर्वाचन क्षेत्रले जिल्ला र निर्वाचन क्षेत्रमा पर्ने पालिका, वडा सँगको समन्वय र पालिका तहले वडा लगायत जिल्ला, निर्वाचन क्षेत्रसँगको समन्वय बढाउन सके पार्टीको संरचना बीचको कार्यसम्पादन सुधार हुनेछ।

यस सँगसँगै अन्तर पार्टी सम्बन्ध, सरकारी निकायसँगको सम्बन्ध, सरोकार राख्ने अन्य निकायसँगको सम्बन्ध र जनसरोकारका सवालहरुलाई सम्बन्धित निकायमा उठाई सोको सम्बोधन गर्ने कुरा प्रभावकारी र व्यवस्थित सञ्चार र समन्वयबाट मात्र सम्भव छ। तर अहिलेसम्मको अभ्यास हेर्दा हाम्रो पार्टीले सबै तहमा ठूलो प्रयास गर्न आवश्यक छ।

केन्द्रबाट प्रेषित सूचना सन्देशहरु वडा तहसम्म पुग्न नसक्नु वा ढिलाई हुनु र स्थानीय तहबाट प्रेषित प्रतिवेदन, सूचना एवं सुझावहरु परिस्कृत भएर केन्द्रसम्म पुग्न देखिएको चुनौती सामना गर्न सबै तह लाग्न आवश्यक छ। पार्टी सञ्चालनको लागि विभिन्न सञ्चार समूहहरु बनाएर समन्वय बढाउने प्रयत्न गरिएको छ।

## घ. संगठनमा देखिएका सुधार क्षेत्रः

**१. सदस्य प्रमाणिकरणमा ढिलाइः करिब ३०% सदस्य अझै अप्रमाणित।**

**२. महिला र समावेशीता कमजोरीः महिलाको सहभागिता १४% मात्र।**

**३. प्रदेशगत असन्तुलनः कर्णाली र मधेशमा संगठनात्मक सुदृढता न्यून।**

**४. अधिवेशन ढिलाइः वडास्तरमा १५% र पालिकामा ६% मात्र सम्पन्न।**

**५. संस्थागत समिति निष्क्रियताः विधान समिति सक्रियता २१% मात्र।**

**६. डाटा व्यवस्थापन कमजोरीः "थाहा नभएको" समूह उच्च।**

## २. मुख्य उपलब्धिहरु:

### क. संस्थागत विकास

- ***विधान संशोधन:***

राष्ट्रिय भेलाले स्वीकृत गरेको विधान २०८१ पौषमा निर्वाचन आयोगमा अभिलेख भएको छ ।

- ***नियमित तथा विशेष बैठकहरु:***

२०८१ को राष्ट्रिय भेला पश्चात् केन्द्रीय समितिको मिति २०८२/६/७ र ८ मा गरी कुल १२ वटा बैठकहरु बसेको छ । मिति २०८२/७/१८ मा गरी कुल २७ पार्टी सचिवालय बैठक बसेको छ ।

हाल सम्म पार्टी केन्द्रीय समितिको ५० बैठकहरु बसेको र पार्टी सचिवालयको ३८ बैठक बसेको जानकारी गराउँदछु । पार्टी तहगत समितिको बैठकको विवरण एक तह माथिल्लो समितिमा नियमित रिपोर्टिङ गरी संगठनात्मक सुशासन कायम राख्नु पर्दछ । यसले पार्टीको संस्थागत विकासमा टेवा पुऱ्याउने छ ।

- ***नियमावली, कार्यविधि निर्माण:***

संगठन निर्माणको लागि करिब ३० वटा निम्न दस्तावेजहरु कार्यान्वयनमा छन् ।

१. वडा भेला कार्यविधि २०८१
२. वडा अधिवेशन कार्यविधि २०८१
३. वडा परिषद कार्यविधि २०८२
४. वडा अधिवेशन निर्वाचन कार्यविधि २०८१
५. पालिका अधिवेशन कार्यविधि २०८१(संशोधित)
६. पालिका अधिवेशन निर्वाचन कार्यविधि २०८१(संशोधित)
७. पालिका भेला कार्यविधि, २०८० (पहिलो संशोधन २०८१ सहित)
८. पालिका समितिमा रिक्त पदपूर्ति गर्ने विधि
९. जिल्ला भेला कार्यविधि २०८१
१०. पालिका समितिमा रिक्त पदपूर्ति गर्ने संशोधित कार्यविधि २०८१
११. कर्णाली प्रदेश भेला २०८१
१२. निर्वाचन क्षेत्र समिति कार्यविधि
१३. राजीनामा सम्बन्धी कार्यविधि २०८१
१४. निर्वाचन आचारसंहिता २०८०
१५. सदस्यता अध्यावधिक सम्वन्धि कार्यविधि
१६. सदस्यता अध्यावधिक सम्वन्धि निर्देशन
१७. सामाजिक सञ्जालमा पोष्ट गर्ने कार्यविधि २०८१
१८. whatsapp group सञ्चालन तथा व्यवस्थितीकरण गर्ने निर्देशन
१९. राष्ट्रिय स्वतन्त्र पार्टीको आचारसंहिता २०८०
२०. RAT नियमावली २०८१
२१. विषयगत विभागहरु सञ्चालन नियमावली, २०८१(पहिलो संशोधन)
२२. प्रवास नेपाली सम्पर्क विभाग नियमावली २०८१
२३. संगठन विभाग नियमावली, २०८१
२४. सम्पर्क विभाग नियमावली २०८१

यसमा थप विभाग, आयोगहरुको नियमावली, कार्यविधिहरु बनेका छन् ।

- **नीति मन्थन र गतिविधिहरुः**

पार्टीले विज्ञहरुसँगको छलफलबाट नीतिगत निखारका लागि नीति मन्थन जस्ता कार्यक्रमहरु आयोजना गर्ने गरेको छ। यसबाट पार्टीको नीतिगत क्षेत्रमा क्षमता विकास हुनेछ। त्यस्तै पार्टीले विभिन्न विषयहरुमा छलफल, राजनैतिक संवाद, युवा सभा जस्ता गतिविधिहरु गर्ने गरेको छ । त्यस्ता गतिविधिले नीति निर्माणमा दवाव दिने, आम सहभागिता बढाउने र पार्टीको प्रवर्द्धनका लागि भुमिका गर्दछ। पार्टी केन्द्रीय विभागहरुले क्यालेण्डर नै तयार गरी गतिविधिहरुको आवृत्ति बढाउनु पर्ने देखिन्छ ।

- **कार्यालय व्यवस्थापनः**

पार्टीको केन्द्रीय कार्यालयलाई व्यवस्थित गरिएको छ। कार्यालयलाई श्रोतसाधन र पूर्वाधारयुक्त बनाउनको लागि केन्द्रीय कार्यालय व्यवस्थापन समूहले क्रियाशिल भई काम गरिरहेको छ । केन्द्रीय कार्यालयको सुरक्षा देखि कार्यालय सञ्चालनको लागि आवश्यक कर्मचारीहरु कुल संख्या १४ जना कर्मचारी र ३ जना इन्टर्न रहेका छन् । पार्टीको नियमित आर्थिक व्यवस्थापनको लागि हालको सदस्यता शुल्क, लेबी, स्वेच्छिक सहयोगले मात्र पर्याप्त नसकेको एवं प्रदेश, जिल्ला एवं स्थानीय तहमा समेत कार्यालय सञ्चालनको लागि श्रोत संकलन तथा आर्थिक व्यवस्थापनको योजनासहित विशेष अभियान सञ्चालन गर्न जरुरी छ । पार्टीको सबै तहमा श्रोत व्यवस्थापन विभागलाई पूर्णता दिई क्रियाशिल बनाउन जरुरी छ ।

### ख. नेतृत्व र सुशासन

पार्टी संगठन सञ्चालन नेतृत्वबाट हुने हो र कुशल नेतृत्वबाट सुशासनको महशुस पार्टी सदस्य र समर्थक र शुभचिन्तकहरुले गर्न पाउँछन् । त्यसका लागि सबै तहका पार्टी समितिमा रहेका नेतृत्वलाई न्यूनतम प्रशिक्षण दिन आवश्यक हुन्छ । पार्टीले यस अवधिमा कोशी, बाग्मति, गण्डकी र लुम्बिनी गरी ४ प्रदेशमा प्रशिक्षण संम्पन्न गरेको छ । तर यो सँगै सबै जिल्ला र स्थानीय तहका पार्टी समितिहरुलाई प्रशिक्षण दिने कार्य हुन सकेको छैन ।

नेतृत्वमा समावेशीकरणको पक्ष हेर्दा नेपालको जनसंख्या, हाम्रो पार्टी सदस्यको आधारमा यसलाई पूर्ण समावेशी बनाउन सकिएको छैन । संगठन विस्तारको क्रममा सबै तहले समावेशीकरण विषयलाई केन्द्रमा राख्न आवश्यक छ ।

पदीय हिसावमा एक जनाले एउटा पद लिएता पनि पार्टीलाई संस्थागत र दिगो बनाउनका लागि सामूहिक नेतृत्व प्रणालीको अभ्यास गर्दै जान आवश्यक छ । योजना निर्माण, उत्तरदायित्व बहन, सोको निगरानी र सञ्चार र समन्वयमा पारदर्शी हुन आवश्यक छ ।

## ३. अवसर र चुनौतीहरु

जेन–जी आन्दोलनबाट देश नयाँ मोडमा प्रवेश गरेको छ । सुशासन कायम र भ्रष्टाचार अन्त्यको नारा गाउँगाउँसम्म स्थापित भएको छ । यसले रास्वपाले उठाउँदै आएको सुरुदेखिको एजेन्डालाई थप टेवा पुऱ्याएको छ । जसले जनसमर्थन जुटाउन मद्दत गरेको छ । सबै पुराना पार्टीहरुलाई भत्काएर नयाँ बनाउन उनीहरुकै पार्टीका भित्रका युवाहरुले माग गरेका छन् । आन्तरिक विवादहरु बढेका छन्, नेतृत्वप्रति जनविश्वास घटेको छ ।

सबै तहका पार्टी संगठन, विभागहरु लगायत पूर्ण हुन सकेका छैनन् । नेतृत्वमा राख्नुपर्ने व्यक्तिहरु आवश्यकता अनुसार ल्याउन सकिएको छैन । आंशिक रुपमा जसले ल्याउनुपर्ने हो बाहिरको मान्छे आउँदा थप प्रतिस्पर्धा हुन्छ र आफूलाई अप्ठ्यारो पर्छ कि भन्ने महसुस गरी क्षमतावान् नयाँ व्यक्तिहरु जोड्ने प्रयास नगरिएको पनि देखिन्छ ।

यो चुनौती सामना गर्न हामीले नयाँ व्यक्तिलाई स्वागत गर्दै प्रतिस्पर्धाको लागि आफ्नो क्षमता वृद्धि गर्ने तर्फ लाग्नु नै पार्टी निर्माणको लागि उपयुक्त कदम हो ।

कुनैपनि राजनीतिक पार्टीमा घुसपैठ र गोपनीयता भंग हुने कुरा पार्टीलाई कमजोर बनाउन बाह्य शक्तिबाट चालिने कदम हुन् । यो हाम्रो लागि पनि एउटा चुनौतीको विषय हो ।

## ४. संगठनको आगामी कार्यदिशा:

**आदरणीय मित्रहरु,**

पार्टीको वर्तमान संगठनात्मक अवस्था, परिवर्तित राजनीतिक परिवेश, जेन–जी आन्दोलनबाट स्थापित एजेन्डाहरुका आधारमा पार्टीले आगामी निर्वाचनसमेतलाई ध्यानमा राखी सशक्त कार्यदिशा निर्माण गर्न निम्नानुसार प्रस्तुत गरिएको छ । यस बैठकबाट उच्चतम सल्लाह सुझावहरु दिई यसलाई समृद्ध बनाउनु हुनेछ भन्ने विश्वास लिएका छौं ।

### १. निर्वाचन केन्द्रीत संगठन निर्माण:

२०८४ मा हुने आमनिर्वाचनको योजनाबाट हामी २०८२ को निर्वाचनको लागि तयार हुँदैछौं । जेन–जी आन्दोलन पश्चात्को परिवर्तित राजनीतिक अवस्थाको लागि नजिकबाट नियालेको रास्वपाले आफ्नो नयाँ संगठनलाई मजबुद बनाउनु पर्ने र संगठन नबनेको स्थानहरुमा संगठन बनाउनुपर्नेछ । यसका लागि मूख्य प्राथमिकता निर्धारण गरी संगठनात्मक गतिविधि केन्द्रीत गर्नु पर्दछ । प्रदेश तहबाट जिल्लाको विशिष्ठता र जिल्लाबाट पालिकाको विशिष्ठता पहिचान गरी विशेष योजना तयार गर्नु पर्दछ । वर्तमान राजनीतिक अवस्थालाई चुनौती भन्दा पनि अवसरको रुपमा लिई देशमा सफा राजनीतिको माध्यमबाट परिवर्तनको लागि हस्तक्षेप आवश्यक छ र पार्टी यसका लागि तयार हुन आवश्यक छ ।




८ देखि १० वटा केन्द्र बनाएर संगठनको गतिविधि विशेष बनाउने र सदस्यतालाई गाउँगाउँसम्म व्यापक रुपमा विस्तार गर्ने ।

२. पार्टीको हरेक संरचनामा योग्य व्यक्तिहरुको खोजी गरी पूर्णता दिने ।

३. संगठन विस्तार र वैधानिक दायित्व पूरा गर्न सबै तहका पार्टी संगठनको अधिवेशनहरु सम्पन्न गरी समिति, आयोग, विभागहरुलाई पूर्णता प्रदान गरी संगठनलाई गतिशिल बनाउने ।

## ४. संगठन र निर्वाचन केन्द्रीत प्रशिक्षणः

प्रदेश, जिल्ला र पालिका तहहरुका लागि अलग अलग प्रशिक्षणका प्याकेजहरु तयार गरी निर्वाचन अगावै प्रशिक्षित प्रशिक्षकहरुबाट प्रशिक्षणहरु सञ्चालन गर्ने ।

संगठन निर्माणको लागि नियमित संगठन सीप, विधि, मापदण्ड र लक्ष्य निर्धारण जस्ता कुराहरु समेटेर प्रशिक्षण गर्नु पर्दछ भने निर्वाचन केन्द्रीत प्रशिक्षणको लागि निर्वाचन विश्लेषण र तयारी, निर्वाचन प्रचारप्रसार कार्यनीति, षड्यन्त्र विरुद्धको रणनीति जस्ता विषयहरु हुनेछन् ।

यसरी संगठन र निर्वाचन केन्द्रीत विषयहरुको प्रशिक्षण तत्काल सुचारु गरी पालिका तहसम्म पुऱ्याउने।

५. पालिका एवं वडा तहमा समिति निर्माणको लगत्तै संगठन विभागबाट आधारभुत संगठन व्यवस्थापन अभिमुखिकरण सञ्चालन गर्ने ।

६. पार्टीको विधानको धारा ९ मा उल्लेखित पार्टीको सिद्धान्त र आदर्श एवं पार्टीको राजनीतिक सिद्धान्तको प्रस्तावना (Preamble of political Principle) लाई जनस्तरसम्म पुग्ने गरी प्रचार प्रसार गर्ने र पार्टीको बारेमा बुझाउने ।

७. सुशासन, जनजीविका, भ्रष्टाचार न्यूनीकरण जस्ता विषयहरुमा जेन–जी युवा र आम नागरिकको सहभागितामा प्रदेशको सहजीकरण र समन्वयमा जिल्ला र पालिका तहमा अभियान सञ्चालन गर्ने।

८. संगठन लागि संगठन निर्माण नभई आम नागरिकका समस्याहरु समाधानका लागि संगठन निर्माणको अवधारणामा आधारित रही पार्टीको सिद्धान्त र आदर्श अनुरुप संगठन निर्माण गर्ने ।

९. नेपालको संविधान र पार्टी विधानमा उल्लेखित समावेशिताको विषयलाई सम्बोधन गर्न जेन–जी युवाहरुलाई समेटी लक्षित योजना सहित पार्टीका सबै तहमा समावेशिता सुनिश्चित गर्ने ।

१०. यो केन्द्रीय समितिको विस्तारित बैठक आयोजनाको क्रममा विस्तारित बैठक विभिन्न तहमा हुनुपर्दछ भन्ने अनौपचारिक मागहरु आएकोले प्रदेश र जिल्ला तहमा विस्तारित बैठक आयोजना गर्ने ।

११. पार्टीको केन्द्रीय तहका विभागहरुको संख्या ३९ वटा रहेकोमा मन्त्रालयगत हिसाबले विषयगत विभाग बनाउन पुनरावलोकन गर्ने ।

१२. पार्टीको हरेक विभागहरुलाई जिम्मेवार एवं क्रियाशिल बनाउन, जिम्मेवारीमा दोहोरोपन घटाउन विभागको कार्य विवरण (Terms of Reference) तयार गर्ने ।

१३. विभागहरुबीचको सञ्चार समन्वय र उत्तरदायित्वलाई प्रभावकारी बनाउन विभागीय प्रमुख र सचिवको सहभागितामा चौमासिक अन्तर विभाग समन्वय बैठक गर्ने ।

१४. विधानको धारा ७० बमोजिम पार्टीको संगठनात्मक कार्यसम्पादन मूल्यांकन प्रक्रिया प्रारम्भ गरिने छ । यसका लागि मूल्यांकन समिति, मूल्यांकन विधि, तहगत मूल्यांकन प्रक्रिया प्रारम्भ गरी कार्य सम्पादन मूल्यांकन (स्वमूल्यांकन र एक तह माथिको संगठनले गर्ने मूल्यांकन) का आधारमा उत्कृष्ट प्रदेशलाई केन्द्रले, उत्कृष्ट जिल्लालाई प्रदेशले, उत्कृष्ट पालिकालाई जिल्लाले र उत्कृष्ट वडालाई पालिकाले सम्मान गर्ने ।

१५. आगामी निर्वाचनलाई संगठनले जीवनमरणको रुपमा लिई, हरेक प्रदेशले प्रतिनिधिसभा निर्वाचन परिणामको लक्ष्य तोकी निर्वाचन कार्यक्रम गर्ने ।

१६. जनताका समस्या, जनगुनासो सुन्न, जनसम्पर्क बढाउन पार्टीका सबै तहमा कार्यालयहरु सञ्चालन गर्ने व्यवस्था मिलाउने र जनसम्पर्क स्थापनाका गतिविधि बढाउने ।

१७. आम नागरिकबाट अपेक्षा भएको पार्टी निर्माणको लागि पार्टीमा आबद्ध सबै सदस्यहरु पार्टीको मूल्य मान्यता, सिद्धान्त, विचार र व्यवहारले समाजमा रोल मोडल हुन आवश्यक छ । यी पार्टी शुद्धिकरण र सुदृढीकरणका आधारभूत तत्वहरु हुन् । पार्टीका सबै सदस्य तथा पदीय जिम्मेवारी लिएका व्यक्तिहरुलाई पालना गर्नु पर्ने नियम, आचारसंहिता, पार्टी पद्धति र प्रणालीकोबारेमा सचेतना अभियान सञ्चालन गरिने छ ।

१८. नेपालको राजनीति बिग्रिनुमा, भ्रष्टाचार र कुशासन बढ्नुमा एउटै व्यक्ति पार्टीमा र सरकारमा मुख्य पदभार लिएर बस्नु हो ।

**सहभागी मित्रहरु,**

अन्तमा,

तीन वर्षको दौरानमा भएको यो संगठन, संगठनको लागि मात्रै क्रियाशील हुन पाएको छैन्। भ्रष्टाचार, व्यथिति, विसंगति र अन्याय विरुद्ध शंखघोष गरेको पार्टीको सभापतिमाथि लागेको प्रतिशोधपूर्ण झुटा मुद्दा र हामीले सभापतिज्यूको प्रत्यक्ष नेतृत्व र निर्देशन पाउने अवस्था नहुँदाखेरि पार्टी संगठनमा पनि त्यसको क्षति परेको छ । हाम्रा शत्रुहरूले हामीलाई जुन तवरबाट कमजोर बनाउन खोजेका थिए त्यो केही हदमा उनीहरू सफल भएका छन् । हामी बीचमा पनि घुसपैठ गराउने प्रयत्नहरु प्रशस्त देखिएको छ । विपक्षीहरुको यस्ता हर्कतबाट हामी सचेत हुनेछौं र पार्टी क्षयीकरण हुनबाट हामी एकताबद्ध भई बचाएका छौ र आउने दिनमा अझै सशक्त भएर बचाउने छौं ।

रचनात्मक, सिर्जनात्मक, स्थिर र नियमित संलग्नताले पार्टीलाई कमजोर बनाउने चलखेलहरुलाई परास्त गर्नेछौं ।

सभापति रवि लामिछानेले भन्नु भए जस्तो **हामी आफ्नै खुट्टामा अल्झिएनौं भने, हामीलाई कसैले लडाउन सक्नेछैन** । यदि हामी लड्यौं भने हामी आफ्नै खुट्टामा अल्झिएर लड्नेछौं । हामी वरपर देखिने पार्टी क्षयीकरणका विषयहरुलाई निरुत्साहित गर्दै हौसलापूर्ण जागरण सिञ्चित गर्नु आवश्यक छ।

आन्तरिक लोकतन्त्रलाई प्रष्ट विधि मार्फत् सुदृढ गर्दै लैजाने, सदस्यता वितरणलाई थप सरल बनाउने, पार्टी गतिविधि थप पारदर्शी बनाउने, नेतृत्व विकासमा विशेष ध्यान दिने, योग्य उम्मेदवार छनौट सुनिश्चित गर्ने र पार्टीमा जिम्मेवारी लिने सबैले कार्यशैलीमा व्यापक सुधार ल्याउने, हामी सुदृढ हुने मानकहरु हुन् । यो विस्तारित बैठकबाट हामीले अपार हौसला, उत्साह र मुलुक निर्माणको अकाट्य सपना बोकेर फर्कने विश्वास लिएको छु ।

धन्यवाद ।

२०८२ कार्तिक २१-२२

सौराहा, चितवन ।